# नेपाल सरकार

## कर फछ्र्यौट आयोग, २०७१ को सूचना

नेपाल सरकारले कर फछ्र्यौट आयोग ऐन, २०३३ को दफा ३ बमोजिम कर फछ्र्यौट आयोग, २०७१ गठन गरी सोही ऐनको दफा ५ र ६ बमोजिम आयोगको काम, कर्तव्य र अधिकार देहाय बमोजिम तोकेको र आयोगले सोही अनुसार आफ्नो कार्य प्रारम्भ समेत गरेको ब्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

१. आयोगको काम, कर्तव्य र अधिकार :

(क) हाल कार्यान्वयनमा रहेका आयकर ऐन २०५८, मूल्य अभिवृद्धि कर ऐन २०५२, अन्तःशुल्क ऐन २०५८, मदिरा ऐन २०३१, भन्सार ऐन २०६४ तथा यी ऐनभन्दा अगाडि प्रचलनमा रहेका तत् तत् कर कानूनहरु अनुसार आर्थिक वर्ष २०६९/०७० सम्मको अवधिको कर निर्धारण तथा महसूल निर्धारण २०७१ असार मसान्तसम्म भै सो उपर करदाताले चित्त नबुझाई अदालत वा अन्य कुनै निकायमा विचाराधीन रहेका कर तथा महसूल निर्धारण सम्बन्धी विषय,

(ख) विभिन्न आर्थिक ऐन तथा अध्यादेशमा गरिएका व्यवस्था अनुसार संकलन गरिने शिक्षा सेवा शुल्क तथा स्वास्थ्य सेवा कर कार्यान्वयनका क्रममा कर प्रशासनबाट आर्थिक वर्ष २०६९/०७० सम्मको अवधिको २०७१ असार मसान्तसम्म निर्धारित शिक्षा सेवा शुल्क तथा स्वास्थ्य सेवा कर उपर करदाताले चित्त नबुझाई अदालत वा अन्य कुनै निकायमा विचाराधीन रहेका विषय,

(ग) करदाताबाट एउटा राजस्व शीर्षकमा दाखिला गर्नुपर्ने राजस्व रकम भूलवस अर्को राजस्व शीर्षकमा दाखिला हुन गई कायम भएको बक्यौता सम्बन्धी विषय,

(घ) आन्तरिक राजस्व विभाग तथा भन्सार विभागले प्रशासन गर्ने कर सम्बन्धी ऐन नियम अनुसार संकलन गर्नुपर्ने कर तथा महसूल संकलन नभै आर्थिक वर्ष २०६९/०७० सम्मको अवधिको राजस्व बक्यौता सम्बन्धी विषय ।

तर, विगतमा नक्कली मूल्य अभिवृद्धि कर विजक प्रकरणमा छनौट भै परीक्षण तथा अनुसन्धान गर्दा नक्कली विजक प्रयोग गरी कर छली गरेको पुष्टि भई कर निर्धारण भएका विषय आयोगको कार्यक्षेत्र अन्तर्गत नपर्ने ।

२. उपरोक्त बमोजिम कर फछ्र्यौटका लागि आयोग समक्ष निवेदन दिन चाहने करदाताहरुद्धारा आयोगको कार्यालय वा सम्बन्धित ठूला करदाता कार्यालय, आन्तरिक राजस्व कार्यालय, करदाता सेवा कार्यालय मार्फत निवेदन दिन सकिनेछ । निवेदनको ढांचा माथि उल्लेखित कार्यालय तथा आन्तरिक राजस्व विभागको Website: http://www.ird.gov.np बाट प्राप्त गर्न सकिनेछ ।

३. आयोगको कार्यालय आन्तरिक राजस्व विभाग, लाजिम्पाटमा स्थापना गरिएको छ ।

४.आयोगको कार्य अवधि २०७२ असार मसान्तसम्म रहने छ ।